# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७३।०४।०४ गते

# प्रेस विज्ञप्ति

**विषयः वागमती यातायात व्यवस्था कार्यालय ललितपुरमा कार्यरत प्राविधिक ना.सु. सुर्य बज्र बज्राचार्यलाई घुस रकम सहित नियन्त्रणमा लिईएको ।**

---

वागमती यातायात व्यवस्था कार्यालय, एकान्तकुनामा कार्यरत प्राविधिक ना.सु. सुर्य बज्र बज्राचार्यले लाइसेन्स नविकरण गरि दिने भनी सेवा ग्राहीसंग रु.१५,०००।- (अक्षरुपी पन्ध्र हजार) घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, काठमाण्डौबाट खटि गएको टोलीले रु.१५,०००।- (अक्षरुपी पन्ध्र हजार) घुस रकम लिदै गर्दाको अवस्थामा निज प्राविधिक ना.सु. सुर्य बज्र बज्राचार्यलाई घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान भैरहेको छ ।

(कृष्णहरि पुष्कर)
सहसचिव एवं प्रवक्ता